JMC Research Journal
Vol.14, No. 1
DOI: https://doi.org/10.3126/jmcrj.v14i1.92849

# लिखे उपन्यासमा दलित उत्पीडनविरूद्धको चेतना

**भोला नाथ ओझा**
जनमैत्री क्याम्पस, बागमती प्रदेश विश्वविद्यालय
bholaojha25@gmail.com, https://orcid.org/0009-0009-7890-1283

## लेखसार

*प्रस्तुत लेख लिखे उपन्यासमा रहेको दलित उत्पीडन र यस विरुद्धको चेतनाको विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखमा दलित उत्पीडन र त्यसका विरुद्धको चेतना, सामाजमा रहेको जातीय तथा वर्गीय संरचना र यसका आधारमा गरिएको सामाजिक विभेद तथा त्यसका विरुद्धको सङ्घर्षको रूप उक्त उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन गरिएको छ । यसमा सामग्री सङ्कलन गर्न मूलतः पुस्तकालयको प्रयोग गरी प्राथमिक सामग्रीका रूपमा शरद पौडेलको लिखे उपन्यास र द्वितीयक सामग्रीका रूपमा दलित चेतनाका सैद्धान्तिक अध्ययन र प्रायोगिक विश्लेषण भएका पुस्तकहरू प्रयोग गरिएको छ । दलित चेतनासम्बन्धी सशक्त विषयवस्तु भएको लिखे उपन्यासलाई यहाँ सोद्देश्य ढङ्गबाट चयन गरिएको छ । गुणात्मक ढाँचामा रहेको यो लेखमा सामग्रीको विश्लेषण गर्दा पाठात्मक विधिमा र लेखको प्रस्तुतीकरण वर्णनात्मक विधिमा गरिएको छ । लिखे उपन्यासभित्र समाजमा रहेको दलित उत्पीडन हदैसम्मको अवस्था रहेको छ । यस्तो उत्पीडन जातीय, वर्गीय र लैङ्गिक प्रकारको रहेको छ भने सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षबाट यस प्रकारको उत्पीडन भएकामा त्यसका विरुद्धको चेतना यहाँ सशक्त रहेको छ । वर्गीय र जातीय मुक्तिका लागि उठेको चेतनाको आवाज यहाँ मुखर रहेको तर नारीको दोहोरो उत्पीडनका विरुद्धको आवाज भने शून्यप्राय रहेको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : उत्पीडन, दोहोरो उत्पीडन, ब्राह्मणवाद, वर्गसङ्घर्ष, समतामूलक समाज ।

## विषयपरिचय

शरद पौडेल (वि.सं २०१७) को लिखे (२०५९) उपन्यास दलित विषयमा आधारित रहेको छ । यस उपन्यासमा सदियौँदेखि नेपाली समाजमा जरा गाडेर बसेको दलित समस्यालाई उपन्यासको कथावस्तु बनाइएको छ । पश्चिम नेपालको बागलुङ र पर्वत जिल्लाको दलित वस्तीको यथार्थ चित्र यसमा प्रस्तुत गरिएको छ। यस उपन्यासका विभिन्न अध्याय धारावाहिक रूपमा नवयुवा मासिकमा छापिएको र पुस्तककारका रूपमा २०५९ सालमा पहिलो पटक प्रकाशित भएको हो । यस उपन्यासमा दलित परिवारका आर्थिक समस्या, तथाकथित उच्च जातिबाट हुने आर्थिक एवम् जातीय शोषण र त्यही शोषणबाट उनीहरूका मनमा उब्जिएको विद्रोही भावना र मुक्तिको चेतनालाई प्रस्तुत गरिएको छ ।

दलित चेतना भन्नाले दलितहरूको दुःख, पीडा, कष्ट, शोषण आदि बारे वर्णन मात्र गर्नु वा व्याख्या गर्नु दलित चेतना होइन । यो चेतना तिनीहरूको भावना, दुःखको वर्णन मौलिक चेतना, दृष्टिकोण आदिसँग सम्बन्धित छ । दलिहरूको सांस्कृतिक, ऐतिहासिक र सामाजिक भूमिकाको चित्रण नै वास्तबमा दलित चेतना हो । दलितको अर्थ मानवीय अधिकारबाट बञ्चित एवं सामाजिक तौरतरिकाबाट बहिष्कृतहरूको चेतना नै दलित चेतना हो । यही दलित चेतनाले नै दलित साहित्य सिर्जनामा ऊर्जा प्रदान गरेको हुन्छ । साहित्यिक कृतिमा दलित चेतनाको अध्ययन गर्दा कृतिमा रहेको शोषण र उत्पीडनको यथार्थ अवस्था र त्यसका विरुद्धको सङ्घर्षको आवाजको विश्लेषण गरिन्छ ।

लिखे उपन्यासमा दलित परिवारको आर्थिक कठिनाइ एवम् तथाकथित उपल्ला जातिद्वारा उनीहरूमाथि हुने आर्थिक, सामाजिक लगायत यौन शोषणका विविध रूपको चित्रणका साथै त्यसबाट मुक्तिका लागि स्वयम् दलितहरूमा विकसित भएको चेतनालाई मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ । दलितसँग सम्बन्धित तत्कालीन वास्तविकताको चित्रण गरिएको यस उपन्यासलाई अन्य विभिन्न कोणबाट अध्ययन गरिए पनि दलित चेतनाका सैद्धान्तिक मानकका आधारमा विश्लेषण गरिएको छैन । त्यसैले दलित चेतनाका दृष्टिले प्रस्तुत उपन्यास अध्ययनीय ठानी लिखे उपन्यासमा दलित उत्पीडनको स्थिति केकस्तो रहेको छ र यस उपन्यासमा दलित चेतना कसरी अभिव्यक्त भएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने ध्येयले यो आलेख तयार पारिएको छ ।

## अध्ययन विधि तथा सामग्री

प्रस्तुत लेख तयार पार्न सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यहाँ लिखे उपन्यासलाई प्राथमिक वा आधार सामग्रीका रूपमा उपयोग गरिएको छ भने सैद्धान्तिक मान्यता र प्रायोगिक विश्लेषणका अन्य पुस्तक तथा लेखलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत लेख तयार पार्दा दलित चेतनाको सैद्धान्तिक मान्यताका आधारमा सामग्री विश्लेषण गरिएको छ । यस उपन्यासलाई दलित चेतनाको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्दा उत्पीडनको यथार्थ र मुक्तिगामी चेतना गरी दुई ओटा सूचकका आधारमा विश्लेषण गरिएको छ । यी सूचकभित्र उत्पीडनको यथार्थ सूचकअन्तर्गत सामाजिक, सांस्कृतिक उत्पीडन र आर्थिक उत्पीडन गरी दुई ओटा उपसूचक र मुक्तिगामी चेतनाअन्तर्गत जातीय मुक्तिको चेतना, वर्गीय मुक्तिको चेतना र नारीको दोहोरो उत्पीडनविरुद्धको चेतना गरी तीन ओटा उपसूचकका आधारमा सामग्रीको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

'दलित चेतना' शब्दावलीमा 'दलित' र 'चेतना' गरी दुई ओटा रहेका छन् । 'दलित' शब्दले समाजमा हक, इज्जत र प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समूह अथवा सामाजिक व्यवस्थाको असमानताले सोसिएको वा पछि परेको जनसमुदाय (नेपाली बृहत् शब्दकोश, पृ. ६३८) र 'चेतना' शब्दले प्राणीमा रहने भित्री ज्ञान अथवा सत् असत् छुट्ट्याउन सक्ने बुद्धि, विवेकलाई बुझाउँछ (नेपाली बृहत् शब्दकोश, पृ. ४२४) । यसरी हेर्दा दलित र उनीहरूको अवस्था अनि भूमिकासम्बन्धी चेतना वा विचारलाई नै दलित चेतना भनिन्छ । दलितहरूको सांस्कृतिक, ऐतिहासिक र सामाजिक भूमिकासम्बन्धी सोचलाई नै दलित चेतना भनिन्छ (बाल्मीकि, सन् २००९, पृ. २९) । साहित्यिक कृतिमा निहित तथाकथित वर्णवादी समाज व्यवस्थामा मुखरित जातीय उन्मुक्तिको चेतनालाई नै दलित चेतना मानिन्छ । समाजमा सामाजिक दृष्टिबाट पूर्णतः उपेक्षित छ, त्यही वर्ण तथा जाति व्यवस्थाका कारण सबैभन्दा तल्लो तहमा राखिएको हुन्छ । आफ्नो कुनै पहिचान नभएका, शोषित, पीडित एवम् तथाकथित उच्च जातका हुँ भन्नेले स्वीकार नगरिएकाहरू नै खासमा दलित हुन् ।

साहित्यमा दलित चेतनाअन्तर्गत सामाजिक तथा सांस्कृतिक रूपमा रहेको उत्पीडन र तिनका विरुद्धको चेतना मुख्य विषय बनेको हुन्छ । यसका अतिरिक्त दलित महिलाले भोगेको भिन्न प्रकारको उत्पीडन र दोहोरो शोषणलाई पनि यसमा अध्ययनको विषय बनाइएको । समाज विकासको आरम्भिक अवस्थामा महिलाहरू नै परिवार तथा समुदायका अभिभावक र नायक भएकाले समाजको नीति नियम महिलाहरूले नै बनाउने र परिवारमा छोराछोरी, नाति नातिनी र पनाति पनातिनीसम्म आमाकै थर र गोत्र चल्ने हुनाले महिलाहरूले नै मान पाउने व्यवस्था रहेकोमा समयको क्रमसँगै यो स्थान पुरुषले लिएर सबै स्थानमा आफ्नो प्रभुत्व स्थापित गरेको हो (प्रश्रित, २०६८, पृ. १३) । पितृसत्तात्मक समाजमा महिला भएकै कारणले व्यक्तित्व विकास कमजोर स्थितिमा रहेको छ भने दलित महिलाको अवस्था भने अझ भिन्न र विशिष्ट किसिमको रहेको छ ।

समाज विकासको क्रमसँगै दलितहरूमा पनि म को हुँ, मैले यस्तो घिन लाग्दो काम किन गर्नं पऱ्यो र म किन अरूभन्दा भिन्न हुन पुगेँ भन्ने भावनाको अभिव्यञ्जना भई मुक्तिको आकाङ्क्षा जागृत हुन थाल्यो । यसरी आफ्नो अवस्थाप्रति सचेत हुनु र स्वपहिचानको खोजी गर्नं नै दलित चेतना हो (वाल्मीकि, २००९, पृ. ७१) । दलित जागरणका लागि राजनीतिक, सामाजिक तथा सांस्कृतिक चेतनाले पनि काम गरेको छ । वर्ण मुक्ति र वर्ग मुक्तिगामी चेतना नै दलित जागरणको सबैभन्दा अग्रणी चेतना हो । यही दलित चेतनाको अभिव्यक्ति साहित्यमा कसरी प्रकट भएको छ भन्ने विषयलाई साक्ष्यका आधारमा तल चर्चा गरिएको छ । दलित उपन्यासमा कथित उच्च जातका मानिसहरूबाट हुने आर्थिक, सामाजिक, सांस्कृतिक एवम् यौन शोषणबाट दलितहरूमा उब्जेको विद्रोही भावना र मुक्ति चेतनालाई प्रस्तुत गरिएको हुन्छ। यस्ता उपन्यासबाट शोषित दलित जातिलाई आफ्नो हक अधिकार प्राप्तिका लागि सङ्गठित भई क्रान्तिमा लाग्ने कुराको थालनी गर्न आग्रह गरिएको हुन्छ । यसले समाजमा जल, जमिन र ज्ञानबाट वञ्चित भएका, सदियौंदेखि अछुत बनाइएका मानिसहरूलाई ब्युँझाउँदै सामाजिक सांस्कृतिक अन्यायका विरुद्ध आवाज बुलन्द गर्न ऊर्जा प्रदान गरेको हुन्छ। दलित समस्या कुनै जाति, वर्ग, समुदायको मात्र समस्या होइन यो राष्ट्रिय समस्या हो । यसको समाधानका लागि देशमा विद्यमान ऐन, कानुनमा परिवर्तन भई राज्य संरचनाका विभिन्न तह तप्कामा दलितको पहुँच र प्रतिनिधित्वलाई सुनिश्चित गर्नं पर्छ भन्ने धारणालाई दलित उपन्यासले प्रस्तुत गरेको हुन्छ। यस्ता उपन्यासले वर्ण मुक्तिको आन्दोलनलाई वर्ग मुक्तिको आन्दोलनसँग जोडेर लैजानुपर्ने विचार अगाडि सारेको हुन्छ ।

## छलफल तथा परिणाम

लिखे उपन्यास नेपाली समाजमा रहेको दलित समुदायलाई अरू समुदाय र माथिल्लो वर्गका मानिसले गरेको दुर्व्यवहारसँग सम्बन्धित रहेको छ । यो यस्तो शोषण र उत्पीडनबाट आक्रान्त बनेका दलितहरूमा आएको वर्गबोध र सङ्घर्षको चेनासम्बन्धी विषयले निर्मित भएको सामाजिक उपन्यास हो । यस उपन्यासलाई दलित चेतनाको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्दा उत्पीडनको यथार्थ र मुक्तिगामी चेतना गरी दुई ओटा सूचकअन्तर्गतका उत्पीडनको यथार्थ, सामाजिक तथा सांस्कृतिक उत्पीडन, आर्थिक उत्पीडन, मुक्तिगामी चेतना, जातीय मुक्तिको चेतना, वर्गीय मुक्ति चेतना र महिलामाथिको दोहोरो उत्पीडन विरुद्धको चेतनाका आधारबाट विश्लेषण गरिएको छ ।

### उत्पीडनको यथार्थ

दलितसँग सम्बन्धित साहित्यमा आएका विषयवस्तु र त्यसलाई गति प्रदान गर्ने पात्रहरू दलित समुदायका व्यक्ति मात्र नभई प्रतिनिधि पात्रका रूपमा साहित्यमा आएका हुन्छन् । ती पात्रको भोगाइमा दलित समुदायले लामो समयदेखि भोग्दै आएको सांस्कृतिक उत्पीडन र शोषणको प्रतिविम्ब दलित साहित्यमा पाइन्छ। दलित साहित्यमा दलितको जीवनका दुःखसुख तथा उनीहरूका सामाजिक स्थिति, शोषण र उत्पीडनलाई कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ (चमनलाल, सन् २००९ : १५) । यहाँ लिखे उपन्यासमा रहेको दलित उत्पीडनलाई सामाजिक तथा सांस्कृतिक उत्पीडन र आर्थिक उत्पीडन गरी दुई ओटा उपसूचकका आधारमा विश्लेषण गरिएको छ ।

### सामाजिक तथा सांस्कृतिक उत्पीडन

लिखे उपन्यासले तत्कालीन समाजमा व्याप्त रहेको जातीय भेदभावका कारण तथाकथित उपल्ला जातका हुँ भन्नेहरूबाट दलित जातिमाथि गरिएको सामाजिक एवम् सांस्कृतिक उत्पीडनको यथार्थलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेको छ । समाजका तथाकथित उपल्ला जातकाले निम्छरा दलितमाथि गर्ने

अन्याय, अत्याचार र शोषणलाई उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासको मुख्य द्वन्द्व ब्राह्मणवाद र अस्पृश्यताबिचको द्वन्द्व नै हो । यसमा जातीय विभेदले सिर्जना गरेको सामाजिक एवम् सांस्कृतिक विभेदलाई प्रस्तुत गरिएको छ । दलितहरूले तथाकथित ब्राह्मणका घरमा जाँदा उसको आँगनको पनि एका छेउमा बस्नु पर्ने सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ...लिखेको बाले नमस्ते टक्र्यायो विष्टलाई । आँगनको एक छेउमा बाउछोरा टुक्रक्क बसे । ... विष्टले पिँडीबाटै छोराछोरीलाई हप्काए-"ए के हेर्न झुम्या चौ त्यहाँ ? छोइयोला है दमैसित ? उपद्र्याहाहरू... ।'...लिखे र उसका बाउतिर हेर्दै विष्टिनी कराइन्-तिमेरु अति छेउ लाएर बस न, कस्तो हो ? बाहुनका घराँ पनि आँगनको बिचाँ बस्न आइ पुग्ने ।'(पृ. ३८)

यहाँ प्रस्तुत सन्दर्भले समाजमा सदियौँदेखि जरा गाडेर बसेको छुवाछुत एवम् जातीय भेदभावका साथै ब्राह्मणवादी शोषणबाट सिर्जित अमानवीय अवस्थालाई उजागर गरेको छ । दलितलाई छुनसमेत नहुने र घर त के आँगनमा समेत छेउ लागेर बस्नुपर्ने अवस्थाले उनीहरूमाथिको सामाजिक वहिष्करणको पराकाष्ठालाई प्रस्तुत गरेको छ । यहाँ तत्कालीन नेपाली समाजमा आर्थिक रूपबाट शोषित दलित समुदायको यथार्थ अवस्थाको चित्रण गरिएको छ । दलित समुदायका मानिसहरू एकातिर अछुत भनिएका कारण शोषणमा परेका छन् भने अर्कातिर आर्थिक दुरावस्थाका कारण पनि शोषित भएका छन् ।

लिखे उपन्यासमा एकातिर जातीय भेदभावको कुरा उठाइएको र अर्कातिर वर्गीय विभेदलाई पनि प्रस्तुत गरिएको छ । बाहुनका घरमा दलितहरूले पस्नु नहुने, खाना खाँदा गोठमा खानु पर्ने, भाडाँकुँडा छुन नहुने, सुख्खा वस्तु भए टोपीमा थापेर खानु पर्ने, पानी छुन नमिल्ने कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> विष्टका गोठको लिखेले भकारोको रास सोरेपछि उसलाई समस्या आइ लाग्यो अब यो कसरी धुने ? कहाँ पानी छ ? कुन पानी छुन मिल्ने हो, कुन नमिल्ने हो ? लिखे अलमलमा पर्‍यो । गाग्री च्यापेर पँधेरो हिँडेको लिखेले पँधेरो पुग्नु अगाडि निकै पल्ट बाटा मुन्तिर झर्नँ पर्‍यो । कुरा के भने, बज्यैहरू पानी बोकेर आउँथे । लिखेले बाटो छाडि दिनु पर्थ्यो । तल्लो जातको मान्छे' बाटोमाथि गएर बस्न नहुने ... । (पृ.४०)

यस उद्धरणमा दलितहरूले सार्वजनिक बाटो हिँड्दा पनि तथाकथित उपल्ला जातकालाई छोइने डरले बाटामुनि जानु पर्ने स्थितिको चित्रण छ । कथित उपल्लो जातका घरभित्र पस्न नहुने, आँगनमा बस्नु पर्ने, अलग्गै बस्नु पर्ने, स्थिति छ भने ईश्वर पनि धनी एवम् उच्च जातको पेवा भएको हुँदा अछुतहरूले पुराण भनेको ठाउँमा जान नहुने, फूल प्रसाद नपाउने जस्ता कुराले समग्र दलितहरूमा त्यस विरुद्धको चेतना क्रमशः जागृत हुँदै गएको कुरा यहाँ प्रस्तुत गरिएको छ । तत्कालीन नेपाली समाजमा सार्वजनिक कुवा पनि दलितका लागि छुट्टै र तथाकथित उच्च जातको छुट्टै हुने, दलितले आफूलाई छुट्याएको कुवाबाहेक अर्को उपयोग गर्न नपाउने कुराको चित्रण उपन्यासमा यसरी गरिएको छ :

> एउटी बज्यैले मुख फोरिन्- 'ओइ केटा, कुन जातको होस् ? लिखेले आफू दमैको छोरो भएको बतायो । त्यसपछि बज्यैले लिखेलाई पाठ पढाइन् - यो पँधेरो छुन हुन्न, पउनीलाई त ऊ त्यहाँ तल बनाइ दिया छ, जा त्यतै ।' (पृ.४०)

प्रस्तुत उपन्यासमा आफूलाई कथित मुखिया, मुखिनी ठान्नेहरूले दलितहरूलाई बोलाउँदा समेत आदरको भाषा नबोल्ने, अत्यन्तै अपमानित र होच्याउने भाषा प्रयोग गर्ने गरेको कुरालाई मुखिनीले दमिनीलाई 'दमिनी राँडीले रातभर कुरा सिकाएर गैच कि क्या हो ? अटेरी मोरो !' (पृ.५२) भनेबाट स्पष्ट हुन्छ । यसमा

मुखिया विष्टहरूले दलितलाई खान दिँदा कि त जुठो पुरो, कि उब्रेको, कि बासी कि गाईवस्तुले खाने जस्तो खाने कुरा दिने कुराको उल्लेख छ । यस उद्धरणमा तथाकथित उच्च जातका घरमा होस् अथवा उनीहरूको पसलमा दलित आफूले खाइ सकेपछि भाँडा पखाल्नु पर्ने, उच्च जातिका घरमा, सार्वजनिक बजार वा विद्यालयमा दलित जातिका मानिसले अलग्गै बस्नु पर्ने र उनीहरूका लागि बस्ने ठाउँ पनि अलग्गै हुने गरेको, दलित जातिका विद्यार्थीमाथि शैक्षिक संस्था र शिक्षित समुदायको व्यवहारसमेत अत्यन्त अनुदार रहेको सन्दर्भ उपन्यासमा यसरी उल्लेख गरिएको छ :

> 'त्यै क्या, हाम्रो कक्षाको त्यो लाले कामी थेन हो, त्यो मुर्दारले हामीले खानी पानीको घैंटो नि छोइ दियो, अनि कक्षामा पनि उसको ठाममा नबसेर हाम्रो बेन्चीमा बस्न आथ्यो क्यारे । अनि हाम्ले अफिसाँ गर हेड सरलाई भन्दिया त हेड सर आर त्येल्लाई लौरै लौराले सोठ्याइ दिनु भयो । (पृ. १११)

यसमा सार्वजनिक विद्यालयमा समेत पानीको घैंटो अलग्गै रहनु, त्यो अछुत वस्तु बन्नु, बस्ने बेन्च पनि अलग्गै हुनु, यी सबै वस्तुका सम्बन्धमा अछुत जातिका लागि कडा निगरानी गरिनु र हेड सर नै विभेदको संरक्षक बन्नुले यस उपन्यासमा रहेको अनुदार अवस्थालाई प्रकट गरेको छ । गरिबीको पीडाका बिचमा पनि दलित जातिमा उदाउँदो अवस्थामा रहेका प्रतिरोधी चेतनालाई यस उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> 'चाये त मिल्च नि उताको बाहुन गाममा तर साला, चायेको गिलास माझ्न भन्छ । यार मलाई त क्या खुन तात्यो (पृ.. १२३)

चाउरे दमाइलाई कमजोर आर्थिक अवस्था र दलित जीवन जिउनसमेत अप्ठ्यारो भएको छ । उसले आफ्नो आठ वर्षको एक्लो सन्तान लिखेलाई छिमेकी मुखियाका घरमा गोठालो बसाउन लिएर गएबाट उपन्यासको घटना सुरु भएको छ । मुखियाका घरमा लिखेले गाईवस्तु हेर्ने, घाँसपात गर्ने, भकारो सोहर्ने, भाँडा मस्काउने आदि किसिमका काम गर्छ । उसले दलितको छोरो भएका कारण अनेकन तिरस्कारहरू सहँदै विष्टका घरमा काममा जोतिनु परेको छ । लिखेले मुखिनीको तिलहरी चोरी गरेको झुटो आरोपमा बेसकन कुटाइ खाएको छ ।

यस उपन्यासमा तथाकथित उच्च जातका भनिएका ब्राह्मण विष्टहरूले दलितलाई छुन नहुने तर दलितका घरमा लुकेर रक्सी खान, तास खेल्न र दलित नारीप्रति अभद्र व्यवहार गर्न हुने कुरालाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> ...'दमिनीले होटल चलाउन पाकी भैमा खुट्टो छैन राँडीको ...होटलवाला भाइले चाउरेको कानसम्मै पुगेर बेली बिस्तार लायो -'भित्र थुप्रै विष्टहरू विजुलीपानी खान लाचन् कसैलाई भित्र आउन नदिनु भन्या चन् दाइ ...।' (पृ.६०)

उपन्यासमा प्रस्तुत यस साक्ष्यले जातीय विभेद वा उच्च जातको सत्ता केवल औपचारिक मात्र रहेको स्पष्ट हुन्छ । घरमा दमाईलाई छुनसमेत नहुने उच्च जातकाहरूले दमाईकै होटलमा लुकेर रक्सी खाएको सन्दर्भले उच्च जातका सत्ताको वास्तविक मुखुण्डो उतारेको छ ।

## आर्थिक उत्पीडन

लिखे नेपाली समाजमा आर्थिक रूपबाट शोषित दलित वर्गको यथार्थ अवस्थाको चित्रण गरेर लेखिएको उपन्यास हो । नेपालमा दलित हुनुका कारणले उनीहरूको आर्थिक शोषण भएको छ भने भारतमा गरिब हुनुका कारणले उनीहरूको आर्थिक शोषण हुने गरेको चित्रण उपन्यासले गरेको छ तर त्यो शोषणका विरुद्धमा उपन्यासका पात्रहरूले जुन रूपले सङ्घर्ष गर्नं पर्ने हो त्यसमा भने उपन्यास मौन रहेको छ

(अधिकारी, २०६६, पृ. ९९) । उपन्यासको नायक विष्टका घरमा गोठालो बस्दा उसमाथि गरिएको शोषण होस् या उसका बाबुआमाप्रति गरिएको शोषण होस्, यी कुनै शोषणमा पात्रहरूले चुँसम्मको आवाज निकालेका छैनन् । उपन्यासका हरेक दलित पात्रले तथाकथित उच्च जातका घरमा अथवा धनीका घरमा श्रम गरेका छन् तर त्यस श्रमको उचित पारिश्रमिक पाएका छैनन् । उनीहरूले एक मुख खान र जसोतसो आफ्नो आङ् ढाक्ने जडौरी कपडाका लागि विष्ट मालिकका घरमा काम गर्नं पर्ने यथार्थको चित्रण उपन्यासमा गरिएको छ । दलितहरू विष्ट मालिकका घरमा केही काम विशेषले गए भने पनि केही न केही काम गरि दिनै पर्ने तर त्यसका बदलामा अपमान सिवाय अरू केही नपाउने कुराको चित्रण पनि उपन्यासमा गरिएको छ । नेपालमा दलितहरूको यस्तो अवस्था छ भने भारतमा गएर लाहुरे बनेका नेपाली कामदारहरूको अवस्था र भारतीय मालिक र तिनका सहयोगीहरूद्वारा उनीहरूमाथि हुने गरेको शोषण र अत्याचारका अनन्त शृङ्खलाहरूलाई जीवन्त र चित्रमय रूपमा अङ्कन गर्नमा लिखे उपन्यासको विशिष्ट स्थान छ (चापागाईं, २०५९, पृ. २२-२३) । यसमा विशेष गरी आर्थिक शोषण र उत्पीडन नै ज्यादा रहेको छ ।

दलितहरूले आर्थिक समस्या र एक पेट खाने समस्याका कारण छोराछोरीका नाममा एक्लो सन्तानलाई पनि विष्ट मालिकको घरमा बिना पारिश्रमिक जीवन बचाउनकै लागि गोठालो राख्नु परेको कुरा उपन्यासको सुरुमै यसरी प्रस्तुत गरिएको छ :

> चाउरेले विष्ट नगिच पुगेर भन्यो,“हस् त हजुर, म जान्छु । छोरो ल्याएँ क्यारे । मारे पाप, पाले पुण्य । हजुरकाँ राख्न पाउनु भाग्यै सम्झ्या चु मैले । यसो बेला बेला हप्काइ बक्सेला ...।” (पृ.३९)

विष्टका घरमा छोरो हेर्न गएकी चाउरीलाई बिहानदेखि आधा दिनसम्म काम लगाएर विष्टिनीले श्रमको मूल्य त के खानासमेत नदिएको चर्चा उपन्यासमा यसरी गरिएको छ :

> “खै मुखिनी, यति बेला भइ सक्यो के जाने होला र घराँ पनि लिखेका बाउले उमालेर खाइ सके होलान् दमिनीले जबाफ फर्काई । ... ‘लौ त जानी होला भनेर पकाइनँ क्यारे ।’ (पृ.५०)

दलितहरू गाउँमा विष्ट मालिकका घरमा र सहरमा साहुनको भारी बोक्ने, गिटी कुट्ने, बालुवा छान्ने,सामान ओसार्ने आदि काम गर्छन् तर पनि उनीहरूलाई दुई छाक खान पनि धौ धौ परेको विषय उपन्यासमा यसरी चित्रण गरिएको छ :

> “भगवान्, धर्मशास्त्र र कर्मको खेल” भन्दै तथाकथित उपल्ला जातका मानिसले दलित एवम् गरिबको आर्थिक शोषण गरेको कुरा उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> ‘...यो जगत्को रित थाम्न धनी पनि चाहिन्चन्, गरिप पनि चाहिन्चन् । बाउन चाहिन्चन्, दमै पनि चाहिन्चन् । यो सबै भगवान्को लीला त हो नि । अब म यो घराँ जन्मन पाम् भनेर भएन क्यारे । आफ्नो आफ्नो भोग, कसलाई के हुन लेख्या च, के भोग्न लेख्या च, त्यो नभोगी भएन । बाँच्न पाम् भनेर नि भएन । मर्न पाम् भनेर नि भएन । भगवान्ले जे लाइ दिनु भाचर्न त्यै हुन्च ।’ बज्यैले लामै शास्त्रार्थ गर्न खोजी । (पृ.१९८)

नेपाल तथा भारत दुबै ठाउँका साहु महाजन र विष्ट मुखियाहरूले दलित एवम् गरिबहरूले गर्ने श्रमको शोषण गरी आर्थिक उत्पीडन गरेको यथार्थ उपन्यासमा यसरी चित्रण गरिएको छ :

> ‘लौ विष्टकहाँ बस्ने बाख्रो हेर्ने राम्रो गरिस् भने विष्टज्यूले पनि त राम्रै अर्नं होला नि, गरिबका कुलाँ जन्मे सि यस्तै हो नि बाबु ।’ (पृ. ३८)

> ‘इतना छोटेका क्या तनखा देनारु खाएगा, पिएगा और घर पर ही रहेगा, बस् ...।’ ...‘ठिक है, सौ रूपैयाँ देगें ... ठिक है ? सेठले लिखेको मोल राख्यो । (पृ.१६३)

यहाँ गरिब दलित एवम् दलित छोरी-चेलीहरू आर्थिक अभावका कारण दैनिक हातमुख जोर्ने समस्या समाधान गर्नका लागि धनी एवम् उपल्ला जातका घरमा ज्याला मजदुरी गर्न जानु पर्ने बाध्यात्मक अवस्था देखाइएको छ । साहु महाजन र विष्ट मुखियाले दलित एवम् गरिबलाई ऋण नपत्याउने, यदि ऋण दिइ हाले पनि चर्को ब्याज लिएर शोषण गर्ने प्रवृत्तिको चित्रण उपन्यासमा यसरी गरिएको छ :

> 'केको धेरै दिन्थ्यो त्यो गरिपमाराले । बल्लबल्ल हजारसम्म ल्याएँ । त्यै न ३ महिनाको भाका छ । ब्याज पनि कति बढाको हो त्यो कोदेले, सयको तिस अरे । दबाउन पाएपछि कल्ले छोड्च र ? मौका यै हो भनेर निचोरेको नाइ । चाउरीले पनि हाँमा हाँ मिलाई । (पृ. १३७)

लिखे उपन्यासमा नेपाली समाजमा दलितमाथि गरिएको सामाजिक तथा सांस्कृतिक उत्पीडन र आर्थिक उत्पीडनको चित्रण गरिएको छ । यस्तो उत्पीडन विशेष गरी जातीय संरचनाका आधारमा भएको छ । विशेष गरी सामाजिक संरचना, परम्परा र सांस्कृतिक मान्यताका आधारमा यहाँ दलितलाई हदैसम्मको उत्पीडनमा पारेको पाइन्छ ।

## मुक्तिगामी चेतना

मुक्तिगामी चेतना भन्नाले कुनै पनि समस्या वा वाध्यताबाट छुटकारा पाउने सोचको विकासलाई जनाउँछ । दलित साहित्यका सम्बन्धमा तथाकथित वर्णवादी जातीय भेदभाव र शोषण रहेको समाज व्यवस्थाबाट उन्मुक्त हुने सुझ वा चेतनालाई मुक्तिगामी चेतना मानिन्छ । यस्तो चेतना अन्याय वा उत्पीडनको बोधबाट निसृत हुन्छ र यसले नै सङ्घर्षको माध्यमबाट स्वतन्त्रताको मार्गप्रशस्त गर्दछ । यहाँ लिखे उपन्यासमा चित्रित मुक्तिगामी चेतनालाई जातीय मुक्तिको चेतना, वर्गीय मुक्तिको चेतना र महिलाको दोहोरो उत्पीडनविरुद्धको चेतनाका आधारमा विश्लेषण गरिएको छ ।

## जातीय मुक्तिको चेतना

लिखे उपन्यासमा सदियौँदेखि नेपाली समाजमा जरो गाडेर बसेको छुवाछुत, अशिक्षा, अन्धविश्वास र गरिबीको मारमा पिसिएका दलित जातिको यथार्थ अवस्थालाई प्रस्तुत गरिएको छ । मनुवादी चिन्तन अथवा ब्राह्मणवादी सोच नै जातीय शोषणको मूल आधार हो । नेपाली समाजमा जातलाई आधार बनाएर शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सामाजिक संरचनाको माथिल्लो स्थानमा पुग्नै नसक्ने गरी दलितहरूमाथि शोषण गरिएको छ ।

> लिखे उपन्यास दलित जातिका समस्याको उद्बोधन गरी जातीय विभेदका विरुद्धमा सङ्घर्षरत हुन दलित वर्गलाई नै जागरुक र सचेत बन्नुपर्छ भन्ने सन्देशसहित लेखिएको उपन्यास हो (शर्मा, २०६६, पृ. १०६) । दलितका समस्यालाई नै मूल समस्याको रूपमा चित्रण गरी लेखिएको यस उपन्यासमा दलित जातिको मुक्तिका लागि दलित जातिकै सशक्तता र एकतामा जोड दिइएको छ । यसका साथै वर्षौंदेखि चलि आएको विसङ्गतिपूर्ण समाजको संचनालाई भत्काएर समतामूलक समाजको निर्माण गर्न भाषणले मात्र नभई दलित आफै उठ्नु पर्ने कुरामा जोड दिइएको छ (पन्त, २०६२, पृ. ६९) । मूल रूपमा उपन्यासमा ब्राह्मणवादको अन्त्यबिना दलित मुक्ति असम्भव रहेको बिचार प्रस्तुत गरिएको छ ।

लिखे उपन्यास जातीय मुक्तिको चेतनालाई मुखरित गर्ने बिचारका साथ लेखिएको भए पनि यसका पात्रहरू मुक्तिका लागि सशक्त रूपमा उत्रिन सकेका छैनन् । यसमा प्रयुक्त दलित पात्रहरूको अन्तरकुन्तरभित्र चाहिँ ब्राह्मणवादी चिन्तनप्रति विद्रोह रहेको पाइन्छ । यस उपन्यासको सुरुमै नौ वर्षको लिखेमा आएका भावनाहरू "कस्तो रैच यो दमै भन्ने जात् ? सबैले हेप्दा रैचन के भर होला ? के होला यो बाहुन भनेको

? कामी भनेको के होला नि ?' (पृ. ४५) भन्ने कुराबाट यसको पुष्टि हुन्छ । ब्राह्मण जातका मानिसहरू जातपातलाई देखावटी हतियारका रूपमा प्रस्तुत गर्ने तर दलित महिलाहरू घरमा एक्लै भएको मौका छोपी उनीहरूको अस्मिता लुट्दा चाहिँ उनीहरूको जात केही नहुने भन्ने विषयमा चाउरी र सुनामका विद्रोह उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> भूत्रोको जात भन्यै छस ... । त्यो राताँ बाजेले क्याऱ्या यो ...? काँ गाथ्यो तेस्को बाउन जात त्यो बेलामा ? आफ्नो सत्र नपरुन्जेल मात्रै हो यो जात सात भन्या कुरा । आफ्नो दुनो सोझिने भएपछि त जातसातले त मुन्टो टेक्च र आची पनि खान जोज्च ... ।' (पृ.२१७) ...सुरुको जातपातको समयमा तीन थरी मात्रै थिए भन्छन्, बाहुन, क्षेत्री र वैश्य । तर बाहुन र क्षेत्रीको आआफूको झगडाले गर्दा पछि शूद्र पनि बन्यो । त्यो शूद्रलाई त्यै बेलादेखि पढ्न, सम्पत्ति राख्न र जनै लाउन दिइएन । तर पछि राजा मनु भन्नेको पालोमा आएर यसलाई लिखितम् नै गरियो । (पृ. २६४) ।

यस उद्धरणमा दलित जातिको मुक्तिका लागि सबै दलितहरू एक हुनुपर्छ । अशिक्षा, गरिबी र वर्ण व्यवस्थाका कारण कथित उच्च जातका मानिसहरूबाट दलितहरू सामाजिक, सांस्कृतिक, धार्मिक एवम् आर्थिक उत्पीडनमा परेको कुरा यसमा चित्रित छ । कसैको भड्काउमा नलागी दलित मुक्तिको सङ्घर्ष दलितहरूले नै गर्नै पर्ने कुरा यसमा प्रस्तुत छ ।

प्रस्तुत उपन्यासमा जातीय मुक्ति एवम् दलित मुक्तिका विषयमा लिखेले भारतको दिल्ली विश्वविद्यालयको सभाहलमा दिएका बिचारहरू यसरी व्यक्त भएका छन् :

> ... म त अझ दलित दमैको छोरो, अरू जातका भन्दा मेरा थप दुःख छन् । मेरा निधारमा अछुतको कलंक छ । यो कलङ्क पुछ्न हामी जस्ता अछुत पौनी भनेकाले थप लडाईं पनि गर्नै पर्नि हो कि भन्ने मलाई लाग्यो । ... गरिब र धनीको लडाईंमा गरिपले जितेछ भने पनि यो हुन अछुत जिम्दै रहला कि भन्ने डर चाहिँ मेरा मनभित्र अझै छ । त्यसैले म जस्ता अछुत भनिएकाले लड्नु पर्ने जुद्ध त पछि पनि बाँकी रहन्छ कि जस्तो लागेको हो ... । (पृ.२७०)

यसरी प्रस्तुत उपन्यासमा विभिन्न पात्रहरूका माध्यमबाट जातीय विभाजन, परम्परा, दमनशोषण आदिका विरुद्धमा यत्रतत्र जातृत हुँदैगरेको असङ्गठित चेतनालाई प्रस्तुत गरिएको छ । जन्मका आधारमा कोही उच्च जातको कोही निच जातको हुने अनि पहुँच भएकाहरूले उच्च जातकालाई पनि नीच जातमा लैजान सक्ने सामाजिक संस्कारको चित्रण यहाँ गरिएको छ। यसरी यसमा परम्परादेखि चलिआएको सामाजिक, सांस्कृतिक एवम् धार्मिक परम्परालाई सत्ता र शक्तिका आडमा कसरी विकृत बनाई गरिब एवम् निमुखा मानिसहरूको शोषण गरिएको कुरालाई प्रस्तुत गरिएको छ ।

## वर्गीय मुक्ति चेतना

लिखे उपन्यासले वर्गीय मुक्तिका साथै जातीय मुक्तिको सङ्घर्षलाई एक साथ लैजानु पर्ने विचार अभिव्यक्त गरेको छ । क्रान्तिबाट मात्र सदियौँदेखि जरो गाडेर रहेको जाति व्यवस्थाबाट दलितहरूलाई मुक्त गराउन सकिन्छ भन्ने उद्देश्य अगाडि सारेको लिखे उपन्यासमा विसङ्गतिपूर्ण समाजको संरचनालाई भत्काएर समतामूलक समाजको निर्माण गर्न दलितहरू आफै अग्रसर हुनुपर्ने विषयलाई जोड दिइएको छ। वर्गसङ्घर्ष र वर्णसङ्घर्ष दुवैलाई एकसाथ लैजानुपर्ने विषयलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ... वर्ग सङ्घर्ष र त्यसपछिको मुक्तिपछि छुवाछुत त्यसै मेटिहाल्छ भनेर सोच्नु पनि हुँदैन । वर्ग त मेटिएला ठिकै छ । यसो भन्नुको अर्थ दलित जातिले आफ्नो मुक्तिको लागि छुट्टै सङ्घर्ष गर्ने भनेको होइन, त्यै वर्गीय आन्दोलनमा नै यो वर्णको जातपातको आन्दोलनलाई पनि ठिकसँग उठाउँदै लैजानु पर्छ । (पृ. २६६)

मुखियाको कुटाइ र मुखिनीको तिरस्कारले बिरामी भएको लिखेलाई घर पठाइएको छ । घर गएको समयमा दिल्ली लाहुरेसँग राम्रो काम पाइने आशामा दिल्ली गएर घर सफा गर्ने, भाँडा माझ्ने र घर पुछ्ने काम गरेको छ । त्यहाँ पनि उसलाई मानवीय व्यवहार नगरिएका कारण अन्ततः सुनामसँगको चिनजान सुनामको क्रान्ति र परिवर्तनका लागि जनचेतना जगाउने कामबाट प्रभावित भएर लिखे समाज परिवर्तन गर्ने दृढ सङ्कल्पका साथ घर फर्केको छ । उसमा समयले र विचारले गर्दा चेतनाको विकास भएको छ ।

लिखे उपन्यासको प्रमुख पात्र लिखेले दिल्ली विश्वविद्यालयको सभाहलमा दिएको भाषणका क्रममा सङ्गठनको महत्त्व र सङ्गठनात्मक गतिविधिको आवश्यकतामाथि प्रकाश पार्दै वर्गीय मुक्तिको सङ्घर्ष र जातीय मुक्तिको अभियानलाई एकसाथ लैजानुपर्ने कुरालाई यसरी अगाडि सारेको छ :

> गरीप र धनीको लडाईंभित्र हाम्रो छुतअछुतको विषय पनि पर्च । तर गरीप र धनीको लडाईंमा गरीपले जितेछ भने पनि यो छुतअछुत जिम्दै रहला कि भन्ने डरचाहिँ मेरा मनभित्र अझै छ । त्यसैले मजस्ता अछुत भनिएकाले लड्नुपर्ने जुद्ध त पछि पनि बाँकी रहन्च कि जस्तो लागेको हो ।...साथीहरू जो जहाँ भए पनि निम्छरो मान्छेको शिर ठाडो पार्ने लडाईमा सबैले आफू सक्दो सघाम्.... । (पृ.२७०-२७१)

लिखे उपन्यासले जातीय समस्या र वर्गीय समस्यालाई उत्तिकै महत्त्वका साथ प्रस्तुत गरेको छ । नेपाली परिवेशबाट जातीय विभेदलाई उजागर गरिएको छ भने भारतीय परिवेशबाट वर्गीय विभेदलाई देखाइएको छ । वर्गीय मुक्तिबिना जातीय मुक्ति सम्भव छैन र जातीय समस्या भनेको गरिब र निमुखाहरूमाथि शासकहरूद्वारा गरिएको शोषण हो (भट्टराई, २०६८, पृ. १८५) । माथिको लिखेको भाषणमा जातीय र वर्गीय दुवै कोणबाट एकसाथ आन्दोलन भएमात्र वर्गीय मुक्तिको राजनीति र दलित जातीय मुक्ति आन्दोलनले सफलता प्राप्त गर्न सक्छ भन्ने धारमा अभिव्यक्त भएको छ । लिखे उपन्यासको केन्द्रमा पनि जातीय विभेदका कारण सिर्जित शोषण र त्यस शोषणको मूल जरो वर्गीय शोषणलाई राखिएको छ । ब्राह्मणवाद नै जातीय विभेदको मूल आधार हो भने शोषक वर्गीय सत्ता वर्गीय शोषणको मूल आधार हो । त्यस कारण शोषणका यी दुवै रूपलाई ध्वंश गरेर वर्गीय हितकारी समाजको स्थापनाका लागि वर्गसङ्घर्ष आवश्यक छ भन्ने कलात्मक सन्देश उपन्यासमा पाइन्छ (भट्टराई, २०६२, पृ. ११०) । यसरी हेर्दा समाजमा रहेको वर्गीय असमानताको खाडलका कारण समाजमा उत्पादन सम्बन्ध असमान किसिमको रहेको छ । यस कुराको समाधान भनेको वर्गसङ्घर्ष नै हो भन्ने सचेत विचार यस उपन्यासमा रहेको हुनाले उपन्यासको पूवार्द्ध भागमा रहेको समाजको शोषण र हदैसम्मको उत्पीडनको अवस्थाको चित्रण परिपवर्तित भएर यस उपन्यासमा मुखरित भएको पाइन्छ ।

## महिलामाथिको दोहोरो उत्पीडन विरूद्धको चेतना

लिखे उपन्यासमा नारीहरूले भोगेको उत्पीडन र यसमा पनि विशेष गरी दलित महिलाले भोगेको उत्पीडनको मार्मिक चित्रण गरिएको छ । नेपाली समाजमा महिलाहरूले दोस्रो दर्जाका नागरिकले झैँ शोषित, उत्पीडित र अपमानित जीवन बाँच्नुपरेको दर्दनाक अवस्थाको चित्रण गरिएको छ । उपन्यासमा दलित महिलाहरूलाई मात्र नभई उपल्ला जातका महिलाहरूलाई पनि शोषण तथा असमान व्यवहारमा परेको अवस्थाको चित्रण यहाँ रहेको कुरा सान्नानी नामकी पात्रका माध्यमद्वारा देखाइएको छ । पुरुषप्रधान सामन्ती सांस्कृतिक व्यवस्थाले महिलामाथि अत्याचार गरेको कुरा उपन्यासमा अभिव्यक्त भएको भए पनि दलित महिलाले दोहोरो उत्पीडनको मार सहन गर्नु परेको हुनाले यहाँ यही पक्षको विश्लेषण गरिएको छ ।

समाजमा एकातिर उत्पादनका साधनमा पुरुषको वर्चस्व रहेका कारण महिलाहरू शोषित हुनुपरेको छ भने अर्कातिर दलित महिलाहरू आफ्नै परिवारबाट शोषित र उत्पीडित बनेका र उपल्ला जातका मानिसहरूबाट यौनशोषणको मारका परेको कुरा लिखे उपन्यासमा देखाइएको छ । यसरी हेर्दा दलित महिलाहरू हदैसम्मको

शोषण र उत्पीडनको शिकार बन्नुपरेको तत्कालीन सामाजिक यथार्थता यस उपन्यासमा वर्णित रहेको छ । यसरी दोहोरो शोषण खप्न बाध्य बनेका नेपाली दलित महिलाहरूको सङ्गठित आक्रोश वा विद्रोहात्मक अभिव्यक्ति उपन्यासभरि कहीँ कतै छैन तर मानसिक तहमा उनीहरूभित्र विद्रोह रहेको कुरा उपन्यासका ठाउँ ठाउँमा सङ्केत गरिएको छ ।

एकातिर दलित महिलाहरूले दलित भएका कारण तथाकथित 'उपल्ला जातका हुँ' भन्नेहरूबाट शोषित र अपहेलित हुनु परेको छ भने अर्कातिर आफ्नै परिवारका सदस्यहरूबाट पनि शोषित र पीडित बन्नु परेको छ । चाउरे लगायतका अधिकांश दलित पुरुषहरूमा देखिएको जाँडरक्सी खाने कुलत, अल्छीपना, घरायसी काम भनेपछि महिलाको टाउकामा थोपर्ने पुरुषवादी मानसिकताका कारण चाउरी लगायतका महिलाहरू मारमा परेका छन् । महिलाहरूले कुनै काम गरे भने पनि पुरुषहरूले त्यसलाई सकारात्मक ढङ्गले लिँदैनन् भन्ने कुरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : 'दमिनीले होटल चलाउन पाकी, भैमा खुट्टै छैन राँडीको (पृ. ६०) यस उदाहरणमा दलित हुनुका कारण होटल चलाउँदा भुइँमा खुट्टा नभएको भनेर यहाँ एकातिर दलित भएका कारण छुवाछुतका कारण पनि होटल चलाउने र खानेकुरा खुवाउने कार्य उनीहरूले गर्न नहुने भन्ने सामाजिक सोच र त्यसमा पनि दलित महिला भएका कारण यस्तो काम गरेकामा समाजमा माथिल्लाले जातका भनिएका मान्छेलाई यस कुरामा सहिनसक्नु भएको छ ।

आफ्नो घरमा एक गेडो खाने सामल नभए पछि कामको खोजीमा लोग्ने घरबाहिर जान्छ र आफू पनि खाने जोहो गर्न रातदिन काममा जोतिएकी स्वास्नीलाई घर फर्किएको चाउरेको 'क्यै पकाकी छैनस् ? कि आफू घिचिवरी बस्या हो (पृ.८५) भन्ने भनाइबाट दलित नारीको अवस्थालाई बुझ्न सजिलो हुन्छ । यस उदाहरणमा पुरुषको सामाजिक हैसियत र हैकम दलित भए पनि चाउरेले प्राप्त गरेको छ । यसरी आफू शक्तिशाली भएकै कारण ऊ स्वास्नीमाथि हैकम जमाउँछ र आफू काममा बाहिर गएकोमा गर्व गर्छ तर रातदिन काममा नै जोतिएकी स्वास्नीमाथि ऊ खनिन्छ । यसबाट महिलाहरू पुरुष सत्ताका कारण विभेद र हिंसामा परेका छन् र यस्तो उत्पीडन दिने व्यक्ति घरकै पुरुष रहेको कुरा स्पष्ट हुन्छ ।

जस्तो सुकै सजिलो वा अप्ठ्यारो परिस्थितिमा पनि लोग्ने मान्छेले घरायसी काम गर्नं नहुने, त्यो सबै महिलाले नै गरी सिध्याउनु पर्ने तर लोग्ने मान्छेहरू चाहिँ गाउँमा बारमासे खेल्ने प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ... अब हिँडे ... गाममा काँ बारमासे खेलिचन अब त्यैं हो बास् । अन्त जान्चौं र तिमी ... ? मैले बुझिचैन भन्नै पर्दैन ... । यस्ता बारमासेलाई ती समातेर लानु नि पररीले ती मुर्दार पनि के हुन् के हुन् ... ।' (पृ १९८)

प्रस्तुत उपन्यासमा दलित महिलामा हुने उत्पीडन र शोषणमध्ये यौन शोषण पनि मुख्य रहेको छ । विशेष गरी 'उपल्ला जातका भनिएका पुरुषहरूबाट दलित महिलाको यौन शोषण हुने गरेको छ । अशिक्षा, गरिबी र चेतनाको कमीका कारण उनीहरूमाथि यौन शोषण हुने गरेको र यसका कारण दलित महिलाहरू दोहोरो उत्पीडनमा परेको देखिन्छ । यहाँका दलित महिलामा उनीहरू आफूमाथि उपल्ला जातको पुरुषले बलात्कार गऱ्यो भनी उजुर गर्दा कसैले नपत्याउने बरु आफ्नै बेइजत हुने डरले बोल्न डराउँछन् । यदि मुख खोली हाले आफ्नो लोग्नेले छोड्ने हो कि भन्ने भयले उनीहरू चुपचाप बस्न बाध्य छन् भन्ने कुराको अभिव्यक्ति उपन्यासमा यसरी गरिएको छ :

> ...त्यो माथ्लो जातको, मै हुँ भन्ने बाहुन, म एक्लै भएको मौका पारेर हाम्रा घराँ पसेको कुरो लिखेका बाउलाई भन्न हुन्च कि हुन्न होला ? त्यो कुरालाई आफ्नो पोइले कसरी लिन्च होला ? कतै पोइ रिसाएर मलाई बेश्या भन्दै निकाल्यो भने मेरो के हाल होला ?(पृ. ८७)

नेपाली समाजमा रहेको जातीय र लैङ्गिक संरचना दुवैका कारण दलित महिलाहरू पीडित र शोषित बनेको देखिन्छ। एकातिर परिवारमै पुरुषको शक्ति र हैकमका कारण यी महिलाहरू परिवारमै र आफ्नै समुदायमा नै उत्पीडित बनेको देखिन्छ भने अर्कोतिर उनीहरू माथिल्ला जातिका मानिसहरूको यौनजन्य हिंसा र शोषणको शिकार बनेको देखिन्छ। यस्तो अवस्था हेर्दा माथिल्लो जातिका महिलाहरूले भोगेको एक प्रकारको लैङ्गिक उत्पीडनका तुलनामा समाजका दलित महिलाले भोगको उत्पीडन लैङ्गिक र जातीय दुवै प्रकारको देखिन्छ र यस्तो उत्पीडन अझ वर्गीयसमेत रहेको छ। यहाँ कथित उच्च जातका मानिसहरूबाट हुने आर्थिक, सामाजिक, सांस्कृतिक एवम् यौन शोषणबाट दलितहरूमा उब्जेको विद्रोही भावना र मुक्ति चेतनालाई प्रस्तुत गरिएको छ। यस उपन्यासबाट शोषित दलित जातिलाई आफ्नो हक अधिकार प्राप्तिका लागि सङ्गठित भई क्रान्तिमा लाग्ने कुराको थालनी भएको छ। यसले समाजमा जल, जमिन र ज्ञानबाट वञ्चित भएका, सदियौदेखि अछुत बनाइएका मानिसहरूलाई ब्युँझाउँदै सामाजिक सांस्कृतिक अन्यायका विरुद्ध आवाज बुलन्द गर्न ऊर्जा प्रदान गरेको छ।

## निष्कर्ष

लिखे उपन्यास दलित उत्पीडिनका विषयमा लेखिएको उपन्यास हो। यस्तो उत्पीडन जातीय, वर्गीय र लैङ्गिक प्रकारको रहेको छ र सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षबाट यस प्रकारको उत्पीडन भएको छ। नेपाली समाजमा रहेको जातीय छुवाछुत र यसका कारण हुने भेदभाव र थिचोमिचोको साथमा वर्गीय शोषणको चरम रूप पनि यहाँ देखिन्छ। यसबाहेक दलित महिलाले भोग्नुपरेको दोहोरो उत्पीडनको अवस्था र उनीहरूले आफ्नै परिवारका वा आफ्ना समुदायको पुरुषबाट भएको भेदभाव, हिंसा र अपमान तथा माथिल्लो जातका भनिएका मानिसबाट हुने यौनजन्य शोषण तथा उत्पीडनको चित्रण यहाँ रहेको छ। यस्तो उत्पीडन समाजमा सामाजिक संरचना, सांस्कृतिक मान्यता र उत्पादनसम्बन्धका आधारमा भएको छ। उपन्यासमा यस्ता उत्पीडनको मात्र चित्रण नभई जातीय र वर्गीय शोषण र उत्पीडनको विरुद्धको चेतना यहाँ सशक्त र मुखर रूपमा रहेको तर महिलामाथि हुने उत्पीडनका विरुद्धको आवाज भने दबेको अवस्थामा रहेको वा शून्यप्रायः रहेको यहाँ देखापर्छ। यस प्रकारको सामाजिक, आर्थिक असमानताका कारण सामाजिक विकामा अवरोध सिर्जना भएको स्पष्ट छ। त्यस कारण समाजमा रहेका जाति, वर्ग र लिङ्गका बिचमा समानता स्थापित गर्नका लागि समस्त शोषित, पीडित समुदायको निरन्तर एउटै आवाज हुनुपर्ने अन्तिम निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ।

## सन्दर्भसामग्री सूची

अधिकारी, दुर्गादत्त (२०६६) *"गण्डकी अञ्चलका प्रगतिवादी नेपाली उपन्यासको अध्ययन"* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर।

चमनलाल. (सन् २००९) *दलित साहित्य एक मूल्याङ्कन, दिल्ली:* राजपाल एण्ड सन्ज।

चापागाई, निनु. (२०५९), *दलित सम्बन्धि उपन्यासका सन्दर्भमा लिखे, लिखे शरद पौडेल.* काठमाडौं: आत्मनिर्भर विकास मञ्च।

पन्त, सुदेश (२०६२), *"लिखे उपन्यासको कृतिपरक अध्ययन",* अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस।

प्रश्रित, मोदनाथ (२०५८), *मानवताको कलङ्क : जातपात (छुवाछुत) प्रथा,* तम्घास : किरण पुस्तकालय।

पौडेल, शरद (२०५९), *लिखे.* काठमाडौं : आत्मनिर्भर विकास मञ्च।

भट्टराई, रमेश (२०६२), *'दलित परिप्रेक्ष्य: प्रगतिवादी नेपाली आख्यानका सन्दर्भमा',* प्रलेस. (वर्ष, १०, प्रर्णाङ्क १४, माघ) पृ.७९-१२५।

भट्टराई, डिजन (२०६६), *प्रगतिवादी साहित्य र समीक्षा.* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि ।

भट्टराई, डिजन (२०६८), *"नेपाली मार्क्सवादी उपन्यासका मूल प्रवृत्ति".* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रि.वि. कीर्तिपुर ।

वाल्मीकि, ओमप्रकाश (सन् २००९), *दलित साहित्यका सौन्दर्य शास्त्र,* दिल्ली : राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।

शर्मा, अमृता (२०६६), *नेपाली प्रगतिवादी उपन्यास,* काठमाडौं : विवेक सिर्जनशील प्रा.लि. ।